नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(योजना तथा जग्गा प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- ३।१९/०७८/०७९
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- २८९

मिति :- २०७८/११/०६

विषय :- आवश्यक निर्देशन सम्बन्धमा ।

श्री नापी कार्यालय सबै ।

प्रस्तुत विषयमा श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. १०३४ मिति २०७८/११/०४ को पत्र राष्ट्रिय भूमि आयोगको च.नं. ३१३ मिति २०७८/११/०३ को पत्रको छायाप्रति थान २ (दुई) यसै पत्रसाथ संग्लन गरी पठाइएको छ । तत् सम्बन्धमा यस विभागको च.नं. २८३ मिति २०७८/११/०४ बाट आवश्यक सहयोग तथा समन्वयन गर्न पत्राचार भई सकेकोमा पुनः श्री राष्ट्रिय भूमि आयोगबाट "थप स्पष्ट पारिएको" पत्र प्राप्त भएको हुदाँ सोही पत्रबाट व्यहोरा अवगत गर्नुभई **"राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ र भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८"** अधिनमा रही आवश्यक कार्य गर्न/गराउन पुनः निर्देशन गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..................
(राजु पुरी)
नापी अधिकृत

बोधार्थ
श्री भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।
श्री राष्ट्रिय भूमि आयोग,
तहाचल, काठमाण्डौ ।

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(जग्गा प्रशासन)

प.सं. २.१./ज.प्र./०७८।०७९
च.नं. १०२४

मितिः-२०७८।११।०४

विषयः आवश्यक निर्देशन समन्वय सम्बन्धमा ।

श्री नापी विभाग,
मीनभवन, काठमाडौं ।

राष्ट्रिय भूमि आयोगको पत्र संख्या ०६८/७९ च.नं. ३१३ मिति २०७८।११।०३ को पत्र प्राप्त हुन आएको छ। भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा आयोगले कार्य संचालन गरेका जिल्लाका जग्गाको नाप नक्सा गर्ने कार्यमा नापी कार्यालयले सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्न जिल्लाका नापी कार्यालयहरुलाई आवश्यक निर्देशन तथा समन्वय गर्ने व्यवस्था मिलाउन लेखि आएकोले राष्ट्रिय भूमि आयोगबाट प्राप्त पत्र संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(रेमान सिंह राना)
शाखा अधिकृत

नापी विभाग
दर्ता नं. २४०४
प्राप्त मिति २०७८।११।५

चो.द.नं. ६६३
११/०५

# नेपाल सरकार
# राष्ट्रिय भूमि आयोग

पत्र संख्या:- ०७८/७९
चलानी नं.- ३४३

ताहाचल, काठमाडौं

मिति. २०७८।११।०३

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः थप स्पष्ट पारिएको बारे ।

यस आयोगको मिति २०७८।१०।२४ च.नं. ३०२ को पत्रको सम्बन्धमा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा नाप नक्सा गर्ने कार्यका लागि यस आयोगबाट नापी प्राविधिक कर्मचारीहरु करार सम्झौता गरी जिल्ला सदरमुकामस्थित नापी कार्यालयमा खटाइसकिएको छ । राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ६ को खण्ड (ग) मा सम्बन्धित मालपोत कार्यालयसँग समन्वय गरी सम्बन्धित नापी कार्यालयबाट जग्गा नाप जाँच गरी नक्सा श्रेस्ता तयार गर्ने गराउने" र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०७८ को "दफा १३ का उपदफा (३) मा सम्बन्धित नापी कार्यालयले आयोगले तय गरेको कार्ययोजनामा उल्लेख भए बमोजिम स्थानीय तहहरुको उपदफा (१) अनुसार छानिएका स्थानको नाप नक्सा सम्बन्धी कार्यका लागि आवश्यक संख्यामा फिल्डमा खटाई नापजाँच गर्ने तथा कार्यालयमा बसी नक्सा तयार गर्ने टोली गठन गर्नेछ । नापी कार्यालयले खटाउने टोलीमा रहने गरी सम्बन्धित स्थानीय तहले थप नापी प्राविधिक र आवश्यक जनशक्ति खटाउनु पर्नेछ। नापी कार्यालयले नाप नक्सा कार्यमा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नुपर्नेछ ॥ र उपदफा (४) मा टोलीले नाप नक्सा गरिने क्षेत्रको अनुसूची-८ बमोजिमको ढाँचामा पन्ध्र दिनको सूचना प्रकाशन गर्नु पर्नेछ तथा सो क्षेत्र वरिपरिका साविकका कित्ता नापी नक्साहरुको प्रिन्ट संकलन गर्ने, जग्गाको तथ्याङ्क लगत संकलनका लागि तोकिएको फारामको प्रबन्ध, भू-उपग्रह चित्रको व्यवस्था, नाप नक्सा गर्ने यन्त्र उपकरण परीक्षण र स्तरीकरण (Standardization) तथा व्यवस्थापन गर्नुपर्नेछ ।" भन्ने कानूनी व्यवस्था भएकोले उक्त कार्य सञ्चालन गर्नका लागि तहाँ मन्त्रालयबाट नापी विभाग मार्फत सबै जिल्ला (जिल्ला समिति गठन नभएका समेत) सदरमुकाम स्थित नापी कार्यालयहरु तथा सम्बन्धित नापी कार्यालयहरुलाई आवश्यक निर्देशन तथा समन्वय गर्ने व्यवस्था हुन राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा १८ बमोजिम अनुरोध छ ।

तर मिति २०७८।०९।२५ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा मिति २०७८।१०।१५ गतेदेखि सलग्न बमोजिमको ६८ स्थानीय तहको हकमा लगत संकलन र जग्गा नाप जाँच / चेकजाँच को सूचना एकै साथ प्रकाशित भएकोले जग्गा नापजाँचको १५ दिने सूचना पुनः प्रकाशन गर्नु नपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

(अमिर प्रसाद न्यौपाने)
सदस्य सचिव